नेपाल सरकार

# गृह मन्त्रालय

फोन नं.:०१-४२११२०८
०१-४२११२१४
फ्याक्स: ०१-४२११२८६
०१-४२११२५७
इमेल:control@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:-

## प्रेस विज्ञप्ति

मिति २०७७ असार २४ गते मध्यराती देखि परेको अविरल वर्षाको कारण सिन्धुपाल्चोक जिल्लाको बाह्रविसे नगरपालिका र भोटेकोशी गाउँपालिकामा भएको धनजनको क्षतिप्रति मन्त्रालयले दु:ख प्रकट गर्दै मृतकहरु प्रति समवेदना र घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ । अविरल वर्षाको कारण २ जनाको मृत्यु भएको, घाइते भएका ६ जनालाई उद्धार गरी काठमाण्डौंमा ल्याई उपचार भैरहेको, १६ घरहरु पूर्ण रुपले क्षति भएको र २१ जना नागरिकहरु अझै पनि बेपत्ता भएको जानकारी प्राप्त भएको छ । अविरल वर्षा भैरहेको अवस्थामा पनि जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपालका सुरक्षाकर्मीहरु घटनास्थलमा खटिई खोज, उद्दार र राहत लगायतका कार्यहरुमा निरन्तर खटिई रहेका छन् ।

जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकले ३० परिवारलाई पुग्ने त्रिपाल, मेट्रेस, भाँडाकुंडा, लत्ताकपडा, कम्बल लगायतका राहत सामाग्रीहरु स्थानीय विपद् व्यवस्थापन समितिलाई हस्तान्तरण गरी सकेको छ । विपदमा परेका नागरिकलाई तत्काल खाद्य पदार्थको व्यवस्था मिलाउन जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन गरे बमोजिम जिल्लाले स्थानीय विपद् व्यवस्थापन समिति मार्फत सो को व्यवस्थापन भैसकेको छ ।

बेपत्ता भएका नागरिकहरुको खोजी कार्य लगायत बाढी पहिरोबाट भएको जनधनको क्षतिको यथार्थ मूल्यांकन गर्न जिल्लास्थित स्थानीय प्रशासन र सुरक्षा निकायहरुलाई निरन्तर क्रियाशिल बनाइएको छ । अविरल वर्षा भैरहेको कारण खोज, उद्दार, राहत लगायतका कार्यहरुमा कठिनाई भएतापनि जिल्लास्थित निकायहरु परिचालित भैरहेका छन् । निरन्तर वर्षा भैरहेको हुंदा जोखिममा रहेका नागरिकहरुले उच्च सर्तकता अपनाउनु हुन सम्बद्ध सवैलाई अनुरोध गरिन्छ । खोज, उद्दार, राहत लगायतका कार्यमा खटिने सम्बद्ध सवै निकायहरु, नागरिकहरु एवं राष्ट्रसेवकहरु लगायत सवैलाई मन्त्रालयले धन्यवाद व्यक्त गर्दछ ।

२०७७।३।२५

केदारनाथ शर्मा
सहसचिव/प्रवक्ता

मिति: २०७७।०३।२५